नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**आर्थिक प्रशासन शाखा**

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. आ.प्र. २०७४।७५
च.नं. ९०६

मितिः- २०७४।१२।२०

श्री विभाग/आयोग/ समिति/ कार्यक्रम/प्रतिष्ठान (सबै)
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै)
श्री जिल्ला प्राविधिक कार्यालय, (सबै)
श्री स्थानीय तह (सबै)

विषयः- <u>बेरुजु फछ्र्यौंट सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस मन्त्रालय अन्तर्गत कार्यालयहरुको आ.व. २०७३/७४ को श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजुहरु र गत विगत वर्षहरुको पुरानो बेरुजु तपशिलमा उल्लेख भए अनुसार यथाशिघ्र फछ्र्यौंट गर्नु गराउनु हुन अन्यथा नियमानुसार कारबाही हुने मिति २०७४।१२।२० को नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएको व्यहोरा अनुरोध छ ।

<u>तपशिलः-</u>

१. असुल उपर गर्नुपर्ने बेरुजु सम्बन्धमा यथाशिघ्र असुल उपर गर्ने गराउने र कर्मचारीहरु सँग असुल गर्नुपर्ने बेरुजु भए निजको तलब वा निजले पाउने जुनसुकै रकमबाट कट्टा गर्ने गराउने ।

२. पेश्की बेरुजु सम्बन्धमाः- कर्मचारीहरुको पेश्की बेरुजु भए निजको तलब वा निजले पाउने जुनसुकै रकमबाट कट्टा गर्ने गराउने ।

३. अन्य पेश्की बेरुजु सम्बन्धमा यथाशिघ्र तरताकेता गरि नियमानुसार फछ्र्यौंट गर्ने गराउने ।

४. नियमित गर्नुपर्ने बेरुजु सम्बन्धमा बेरुजुमा उल्लेखित आवश्यक प्रमाण कागजातहरु संलग्न गरि नियमितको लागि कारबाही प्रक्रिया अगाडी बढाउने ।

३/१२/२०
...........................
वेगनाथ पौडेल
उप सचिव (लेखा)